बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः

चलानी नम्बरः

मितिः २०७९/०३/१५

## विज्ञप्ति

राष्ट्रिय वृक्षारोपण दिवस,२०७९को अवसरमा प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय,वन निर्देशनालय,मातहतका डिभिजन वन कार्यालयहरु , जलाधार व्यवस्थापन कार्यालयहरु , सामुदायिक वन , स्थानीय क्लब लगायतका सरोकारवालाहरुको सहयोग र सहकार्यमा मिति २०७९/०३/१४ गतेका दिन बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्री माननीय विशाल खड्का ज्यूको प्रमुख अतिथ्यतामा नवलपुर सरस्वती सा.ब.उ.स.हेटौंडा-११,बसामाडी, मकवानपुरमा वृक्षारोपण कार्यको शुभारम्भ गरी बागमती प्रदेश वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरु मार्फत वनजन्य,फलफुलजन्य तथा जडिबुटी लगायत कुल ५६ प्रजातीका ४९,७९७ वटा बिरुवा १३ वटै जिल्लाहरुमा गरि ५९.३७ हेक्टर क्षेत्रफलमा विरुवा वृक्षारोपण भएको जानकारीका लागि अनुरोध छ।

साथै वृक्षारोपण अभियानमा सहभागी हुन सबैमा अनुरोध गर्दैं बागमती प्रदेश भरी हरेक डिभिजन वन कार्यलयहरु तथा जलाधार व्यवस्थापन कार्यलयहरुबाट नि:शुल्क बिरुवा वितरण भैरहेको व्यहोरा अनुरोध छ ।

राष्ट्रिय वृक्षारोपण दिवस २०७९ को पहिलो दिनको कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने स्थानीय तह,सामुदायिक वन उपभोक्ता समूह,सुरक्षा निकाय,राजनैतिक सघं सगंठन,पत्रकार,यूवा विधार्थी,महिला समूह, स्थानीय क्लब लगायतका सरोकारवाला सबैमा धन्यबाद व्यक्त गर्दछौ ।

रोशन कुमार श्रीवास्तव

सूचना अधिकारी